# *यम गौतम* महाकाव्यमा अलङ्कारविधान

तीर्थराज भट्टराई[1*]

[1]उप प्राध्यापक, जनता बहुमुखी क्याम्पस , इटहरी, सुनसरी

* Email: tirtha2033@gmail.com

**Article Info**

**Article History:**

*Submitted 16 February 2025*

*Reviewed 16 March 2025*

*Revised 20 March 2025*

*Accepted 20 March 2025*

**Corresponding Author:**

*Tirtharaj Bhattarai*

*Email:*

*tirtha2033@gmail.com*

**Copyright Information:**

*Copyright 2025© Authors of this journal; with authors' permission, the copyright is transferred to the publisher for the first edition only.*

**Publisher:**

*Research Management Cell (RMC)*

*Janta Multiple Campus*

*Itahari, Sunsari*

*Tel.: 025-81300*

*Email: rmcjantacollege@gmail.com*

**लेखसार**

पीताम्बरभोला लम्सालको *यम गौतम* महाकाव्यमा शब्दालङ्कार र अर्थालङ्कारहरूको के कसरी प्रयोग गरिएको छ भन्ने कुराको विश्लेषणमा यो लेख केन्द्रित रहेको छ। यो अध्ययन गुणात्मक प्रकृतिको छ। यसमा पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। *यम गौतम* महाकाव्यमा अलङ्कार प्रयोगको अवस्था अध्ययनका लागि सूक्ष्मपठन विधिका माध्यमबाट सामग्री सङ्कलन गरी ती सामग्रीहरूको अर्थापन गरिएको छ। अलङ्कार सिद्धान्तलाई यस अध्ययनको आधार बनाइएको छ। यस लेखमा *यम गौतम* महाकाव्यमा प्रयोग भएका श्लोकमध्ये सोद्देश्यमूलक ढङ्गले १० प्रतिशत श्लोक नमुना छनोट गरी शब्दालङ्कार वर्गका अनुप्रास, यमक र श्लेष तथा अर्थालङ्कार वर्गका उपमा, रूपक, व्यतिरेक, दृष्टान्त, उत्पेक्षा, अनुमान, अतद्गुण, लोकोक्ति अलङ्कारहरूको विश्लेषष गरी निष्कर्ष प्रस्तुत गरिएको छ। महाकाव्यका श्लोकहरूको अर्थापनका क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। *यम गौतम* महाकाव्यमा आफ्ना भाव र विचारलाई प्रभावकारी तुल्याउन, महाकाव्यको कथ्य अर्थलाई वैचित्र्यपूर्ण, प्रभावकारी, आकर्षक एवम् काव्यात्मक स्वरूप प्रदान गर्न, महाकाव्यमा प्रयुक्त विविध कथ्यगत सौन्दर्यको वृद्धि गर्न र श्रृङ्गार, करूणआदि रसको अभिव्यञ्जनलाई प्रभावकारी बनाउनका लागि विविध अलङ्कारहरूको प्रयोग गरिएको हो भन्ने निष्कर्ष प्राप्त भएको छ।

*शब्दकुञ्जी:* उपमा, कथ्यसौन्दर्य, दृष्टान्त, वैचित्र्यपूर्ण, व्यतिरेक, शब्दसौन्दर्य

**पृष्ठभूमि**

यस लेखको शीर्षक *यम गौतम महाकाव्यमा अलङ्कारविधान* रहेको छ । पीताम्बरभोला लम्साल (वि.सं. १९८९-२०६१) का *मङ्गलसुषमा* (२०२४), *शिवासन्तति* (२०४२), *सारस्वतेय* (२०४७), *यूमा* (२०६२), *महासामन्त अंशुबर्मा र भृकुटी* (२०७३), *यम गौतम* (२०७३) र *सम्राट् राजर्षि जनक* (२०७३) महाकाव्यहरू प्रकाशित छन् । महाकाव्य ऐतिहासिक वा प्रसिद्ध कथानकमा अधारित हुन्छ । यसलाई उत्कृष्ट तथा अलङ्कृत शैलीमा लेखिन्छ । यसमा कलापूर्ण र गरिमापूर्ण भाषाशैली हुनुपर्छ । महाकाव्य पद्यबद्ध हुनुपर्ने, संस्कृत, प्राकृत वा जनभाषामा विभिन्न कथानकलाई उनेर अगाडि बढ्नुपर्ने, शब्दवैचित्र्य र अर्थवैचित्र्यले पूर्ण हुनुपर्ने र छन्दोबद्ध र लोकरञ्जक हुनुपर्ने मान्यता रहेको छ । कविका कवितामा समग्र मानवीय अनुभूतिहरू समेटिएका हुन्छन् । त्यसैले कवितामा विविध अनुभूति, भाव, विचारलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । महाकाव्यकार लम्सालले *यम गौतम* महाकाव्यमा प्रस्तुत गरेका यिनै विविध अनुभूति, भाव र विचारमा  शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग कसरी र किन गरिएको छ ? भन्ने कुराको अध्ययन तथा विश्लेषण गर्ने उद्देश्यले यस लेखमा यम गौतम महाकाव्यको अलङ्कारपरक अध्ययनलाई मुख्य विषय बनाइएको हो ।

प्रस्तुत अध्ययनमा *यम गौतम* महाकाव्यमा शब्दालङ्कार र अर्थालङ्कारहरूको प्रयोग केकस्तो भेटिन्छ ? कथ्य अर्थ तथा अलङ्कारहरूका बिचमा केकस्तो सम्बन्ध रहेको छ ? र अलङ्कारहरूको प्रयोग किन गरिएको हो ? भन्ने कुरालाई शोधप्रश्न बनाइएको छ । यिनै समस्या समाधानका लागि यम गौतम महाकाव्यमा प्रयुक्त शब्दालङ्कार र अर्थालङ्कारको विश्लेषण गर्ने, कथ्य अर्थ तथा अलङ्कारका बिचको सम्बन्ध पत्ता लगाउने तथा अलङ्कार प्रयोगको प्रयोजन विश्लेषण गर्ने उद्देश्यमा यो अध्ययन केन्द्रित रहेको छ ।

**पूर्वकार्यको समीक्षा**

पीताम्बरभोला लम्सालको नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान रहेको छ । उनका एक दर्जनभन्दा बढी रचना प्रकाशित भएका छन् भने नौ ओटा रचना प्रकाशोन्मुख अवस्थामा रहेको कुरा पारिवारिक स्रोतबाट अवगत भएको छ । वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीले "पीताम्बरभोला लम्साल परिष्कारवाद र स्वच्छन्दतावादका दोसाँधका पद्यकविका रूपमा चिनाएका छन्" (त्रिपाठी र अन्य,२०६०,पृ.१३०) । विनयकुमार शर्मा नेपालले नेपाली महाकवि र महाकाव्य पुस्तकमा "पूर्वाञ्चलका सशक्त महाकाव्यकारमा कवि पीताम्बर भोला स्मरणीय छन्" भनेका छन् (नेपाल,२०५९, पृ.४२५) ।

दीनविनोद दाहालले २०५२ सालमा *पीताम्बरभोला लम्साललको व्यक्तित्व र कृतित्व* शीर्षकमा स्नातकोत्तर उपाधिका लागि अनुसन्धान सम्पन्न गरेका छन् । यस अध्ययनमा उनले "लम्सालका महाकाव्यमा प्रयुक्त भाषामा संस्कृत शब्दको प्रचुर प्रयोग र तोडमोड गरिएका हलन्त शब्दको अधिकता रहेको" ( दाहाल, २०५२, पृ.५२ ) कुरा उल्लेख गरेका छन् । दीपक लम्सालले २०७२ सालमा *महाकवि पीताम्बरभोला लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण* शीर्षकमा स्नातकोत्तर उपाधिका लागि अनुसन्धान सम्पन्न गरेका छन् । यस अध्ययनमा उनले लम्सालको जीवनी, व्यक्तित्वका विविध आयाम तथा समग्र साहित्यिक रचनाको अध्ययन गरेका छन । *यम गौतम* महाकाव्यको *प्रकाशकीय मन्तव्यमा* ऋषिराज लुम्सालीले "यस महाकाव्यमा आत्माज्ञानको समुद्र छचल्किए जस्तो गहकिलो विचार व्यक्त भएको" कुरा उल्लेख गरेका छन् । बालकृष्ण पोखरेलको महाकविदेखि सर्कसकर्मीसम्म शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा पोखरेलले "पूर्वी नेपालमा महाकाव्यकारहरूमा उमेरका क्रमले नाम लिन सकिन्छ-लक्ष्मणशास्त्री, गेरुप्रसाद कोइराला, पीताम्बरभोला, पूर्णप्रकाश नेपाल र सोमनाथ अभय । यीबाहेक मेरो ध्यानमा नआएका अरूपनि होलान् । यीमध्ये सबैभन्दा धेरै महाकाव्यहरू लेख्ने काम भएको छ पीताम्बरभोला लम्सालबाट" (पोखरेल, २०८०, पृ.३६ ) भनेका

छन् ।

बद्रीविशाल पोखरेलको *पीताम्बरभोला लम्सालका कवितात्मक विशेषताहरू* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा पोखरेलले "लम्सालले आफ्ना कवितामा भावसौन्दर्य अलङ्कारसौन्दर्य लयसौन्दर्यका विम्बप्रतीकादि काव्यशिल्प सौन्दर्यको सृष्टि गरेका छन् र सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले महत्त्वपूर्ण ठहर्ने महाकाव्य, खण्डकाव्य र फुटकर कविताहरूको रचना गरेका छन्" (पोखरेल, २०८०,पृ.८०) भनेका छन् । सुधन पौडेलको *सुनौलो युगको सुनौलो आयाम* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा पौडेलले "लम्सालले झन्नै डेढ दर्जन कृतिहरू नेपाली साहित्यको भण्डारमा सुम्पिदै छन् । यसरी सङ्ख्यात्मक दृष्टिले स्व. लम्साल नेपाली भाषासाहित्यका औँलामा गन्न सकिने लेखकहरूको सूचीमा उभिन पुग्छन्" ( पौडेल, २०८०, पृ.९४ ) भनेका छन् । रमेश घिमिरेको *संवाद सिद्धान्तका ऐनामा यम गौतमको अनुहार* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा घिमिरेले यो महाकाव्य आत्मतत्त्वको बोधमा केन्द्रित छ । प्राच्य सभ्यताको विराट् उपलब्धिका रूपमा रहेका विविध वैदिक साहित्यको अंशस्वरूप अनेक उपनिषदमध्ये एक कठोपनिषद्को कथा भए पनि यस महाकाव्यमा त्यस कथाले नयाँ रूप, नयाँ अस्तित्व र नवीन परिचय हासिल गरेको छ (घिमिरे, २०८०, पृ.१०९ ) भनेका छन् ।

ऋषिराज लुम्सालीको *असीमित व्यक्तित्व महाकवि पीताम्बरभोलाको सीमित परिचर्चा* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा उनले "महाकवि भोलालाई मण्डले राष्ट्रवाद , बुर्जुवा संसदीय प्रजातन्त्र र तानाशाही साम्यवादभन्दा पर नेपाली स्वाभिमान र नेपाली राष्ट्रवादको अपूर्व दोभान मान्न सकिन्छ" (लुम्साली,२०८०,पृ.१२४) । नगेन्द्रराज रेग्मीको *सम्झनाका तरेलीमा पीताम्बरभोला लम्साल* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा उनले "नेपाली भाषामा मौलिक महाकाव्य रचना गर्ने पूर्वाञ्चल क्षेत्रका विशिष्ट कवि हुन्" (रेग्मी,२०८०,पृ.१५४) भनेका छन् । साहित्यकार कृष्णविनोद लम्सालको *को हो र कस्तो हुन्छ महाकवि* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा उनले "हरेक शास्त्रार्थबाट, वादविवादबाट हरेक दृष्टिकोणबाट पीताम्बरभोला लम्साललाई महाकवि प्रमाणित गर्न सकिन्छ"(लम्साल,२०८०,पृ.२१६) भनेका छन् । समालोचक उपेन्द्र पागलको *केही पूर्वदीप्तिमा भोला दाइ* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा उनले "विषयवस्तुका दृष्टिले लम्सालले आफ्ना महाकाव्यमा सामाजिक विषयवस्तुका साथै उपजीव्यता चाँहि आर्षकालीन विशिष्ट चरित्र, ऐतिहासिक महापुरुषलाई लिएर पूर्वीय परम्परालाई नै विशिष्ट स्थान दिएका छन्" (पागल, २०८०,पृ.७०) भनेका छन् ।

पूर्वकार्यको सर्वेक्षणका क्रममा प्राप्त भएका अधिकांश सामग्रीहरूमा *यम गौतम* महाकाव्यमा शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग के कसरी गरिएको छ ? र ती अलङ्कारको प्रयोग किन गरिएको हो ? भन्ने कुराको अध्ययन आजसम्म कुनै पनि अध्येताबाट नभएकाले उक्त प्राज्ञिक रिक्तताको परिपूर्तिका लागि यस लेखमा *यम गौतम* महाकाव्यमा अलङ्कारविधान शीर्षकमा यो अध्ययनकार्य सम्पन्न गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत शोधकार्य लम्सालको *यम गौतम* महाकाव्यमा प्रयुक्त अलङ्कारसँग सम्बन्धित रहेकाले यसै प्रयोजनपूर्तिका लागि आवश्यक सामग्रीको सङ्कलन गरी ती सङ्कलित सामग्रीको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा लम्सालको *यम गौतम* महाकाव्यको अलङ्कारपरक अध्ययनमा मात्र केन्द्रित रहेकाले *यम गौतम* महाकाव्य नै प्राथमिक स्रोतको सामग्रीका रूपमा रहेको छ । यस महाकाव्यमा सबै सर्गहरूको सूक्ष्म पठन र विश्लेषण गरी समष्टि विधि तथा सोद्देश्यमूलक विधिका आधारमा यस अध्ययनका लागि आवश्यक प्राथमिक स्रोतका सामग्री सङ्कलन गरिएको छ । लम्सालका महाकाव्यका बारेमा प्रकाशनमा आएका पुस्तक, पत्रपत्रिका, अनुसन्धान प्रतिवेदन आदिलाई द्वितीयक

सामग्रीका रूपमा उपयोग गरिएको छ । अलङ्कारसिद्धान्त पूर्वीय साहित्य समालोचनामा विकसित भएको मान्यता भएकाले संस्कृत, नेपाली र हिन्दी भाषामा लेखिएका पुस्तक, पत्रपत्रिका, अनुसन्धान प्रतिवेदन आदिलाई द्वितीयक स्रोतका सामग्री रूपमा उपयोग गरी यस अनुसन्धानले पूर्णता पाएको छ । यो लेख तयारीका लागि पुस्तक, पत्रपत्रिका, लेख, अनुसन्धान प्रतिवेदन, शोधप्रबन्ध आदि सामग्रीहरू पुस्तकालयबाट नै प्राप्त हुने भएकाले पुस्तकालय कार्यकै आधारमा सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा प्राप्त सामग्रीलाई मूलतः पुस्तकालयीय अध्ययन कार्य, वर्णनात्मक विधि र विश्लेषणत्मक विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । निगमनात्मक पद्धतिको आधारमा यम गौतम महाकाव्यका श्लोकहरूमा अभिव्यक्त अलङ्कार पहिचान गरी तिनीहरूको व्याख्या र विश्लेषणपश्चात् निष्कर्ष निकालिएको छ । यम गौतम महाकाव्यमा प्रयुक्त सौन्दर्य निरूपणका निम्ति उक्त महाकाव्यका १० प्रतिशत श्लोकहरूको पठन गरी संरचनागत तथा भावगत सौन्दर्यको निरूपण गरिएको छ । सन्दर्भाङ्कन तथा सन्दर्भसूची प्रस्तुत गर्ने क्रममा एपिए शैलीलाई नेपाली भाषाका विशेषताअनुसार प्रयोग गरिएको छ ।

## नतिजा र छलफल

### अलङ्कारको सैद्धान्तिक परिचय

अलङ्कारसिद्धान्त पूर्वीय काव्यशास्त्रमा स्थापित र सर्वप्रचीन काव्यमान्यता हो । अलङ्कारको प्रयोग वैदिक कालदेखि नै हुँदै आएको तथ्य पाइन्छ । अर्थगत वा शाब्दिक चमत्कारद्वारा साहित्यलाई सिगार्ने तत्त्व अथवा काव्यको चमत्कारपूर्ण वर्णन शैली नै अलङ्कार हो (पोखरेल र अन्य,२०७५,पृ.७४) । भरतमुनिले *नाट्यशास्त्र*मा नाटकका छत्तिस लक्षण बताउने क्रममा "हेतु, संशय, दृष्टान्त, निदर्शन, अर्थापत्ति, गुणातिशय, लेश आदि अलङ्कारहरूको सङ्केत गरे पनि तिनीहरूलाई नाट्यशास्त्रका लक्षणका रूपमा मात्र उल्लेख गरेका छन् भने अलङ्कारकै रूपमा भने उनले उपमा, रूपक, यमक र दीपक गरी चारओटा अलङ्कारको मात्र चर्चा गरेका छन्" (न्यौपाने,२०७९.पृ.३२) । "भूषणार्थक अलङ्कार शब्दको प्रयोग ऋग्वेदमा अलंकृत शब्दका रूपमा भएको पाइन्छ र यसमा अनुप्रास, यमक, श्लेष, उपमा, रूपक, अतिशयोक्ति, व्यतिरेक, उत्प्रेक्षा, अनन्वयजस्ता अनेक अलङ्कारहरूका प्रशस्त उदारणहरू पाइन्छन् । शतपथ ब्राह्मण तथा छान्दोग्योपनिषद्मा अलङ्कार शब्दको स्पष्ट प्रयोग भेटिन्छ" (मिश्र, २०२१, पृ. १३१) । वैदिक युगदेखि नै अलङ्कारको प्रयोग हुँदै आएको पाइए पनि यसबारे शास्त्रीय चिन्तन गर्ने परम्परा भने छैटौँ शताब्दीका आचार्य भामहबाट मात्र प्रारम्भ भएको देखिन्छ । काव्यशास्त्रीय रूपमा अलङ्कारको विमर्श सुरु भएपछि मात्र यस शब्दको अर्थका बारेमा पनि विमर्श सुरु भएको देखिन्छ ।

पाश्चात्य काव्यमा पनि अलङ्कारको चर्चा परिचर्चा भएको पाइन्छ । ग्रिसेली काव्यशास्त्रमा अलङ्कारकै तात्पर्यमा 'त्रोदे' भनिएको छ र अंग्रेजीमा फिगर्स अफ स्पिच भनिएको छ । अङ्ग्रेजीमा एलिटरेशन (अनुप्रास) मेटाफोर (रूपक) सिमली (उपमा) आदि शब्दका रूपमा तिनीहरुको प्रयोग र विवेचना गरिएको छ । पूर्वमा यसैका तात्पर्यमा अलङ्कारयोजनाका रूपमा विवेचना गरिएको छ । विगतमा जेलाई अलङ्कार भनिन्थ्यो हिजोआज तिनै तत्त्वलाई बिम्ब भनिएको पाइन्छ । पद्य तथा गद्य दुवै शैलीका रचनामा अलङ्कार वा बिम्वको प्रयोग गरिएको हुन्छ। अतः प्राचीन काव्यसन्दर्भमा मात्र नभएर आधुनिक काव्य सन्दर्भमा पनि अलङ्कारको महत्त्व छ ।

पश्चिममा काव्यचिन्तनको प्रारम्भ अरस्तुबाट भएको हो । उनले काव्य निश्चित रूपले छन्दोबद्ध साहित्य हो र यसले जीवनलाई सृजनात्मक व्याख्यानमा प्रतिबिम्बित गर्दछ भनेका छन् । भाषाका माध्यमबाट गरिने कलात्मक अनुकरणलाई काव्य मान्ने अरस्तुको अवधारणमा अलङ्कारको स्पष्ट रूपमा सङ्केत पाइँदैन । "अङ्ग्रेजी साहित्यमा पूर्वमा जस्तो व्यापक चर्चा परिचर्चा गरिएको पाइँदैन । सिम्ली (उपमा), मेटाफोर(रूपक), एलिट्रेसन(अनुप्रास),

राइम(अन्त्यानुप्रास), एक्जाम्प्लिफिकेस (दृष्टान्त), हाइपर्वल(अतिशयोक्ति), पोएटिकल प्रोबब्लिटी (उत्प्रेक्षा) र द पोएटिकल रिजन (काव्यलिङ्ग ) जस्ता अलङ्कारको उल्लेख गरिएको पाइन्छ" (निरौला,२०६३, पृ.३८)।

अलङ्कारवादी आचार्य भामहले अलङ्कारलाई काव्यको असाधारण धर्मका रूपमा लिँदै काव्यमा शब्द र अर्थको वक्रताबाट अलङ्कार सिर्जना हुने कुरा उल्लेख गर्दै अलौकिक चमत्कार उत्पन्न गर्ने विचित्रतालाई नै अलङ्कार मानेका छन् (भामह, सन् १९३८,पृ.३६)। उनले वक्रोक्ति रूप अलङ्कारका अभावमा काव्यमा काव्यत्व रहँदैन भन्ने मत राखेका छन्। अलङ्कारहरूमध्ये वक्रोक्ति र अतिशयोक्तिलाई विशेष महत्त्व दिँदै यिनै अलङ्कारबाट काव्यमा काव्यत्व आउने हुनाले यी अलङ्कारका अभावमा काव्य सामान्य वार्ताजस्तो मात्र हुन्छ भन्ने मत उनको रहेको छ (भामह, सन् १९३८, पृ.८७)। अलङ्कारको निर्माणमा वक्रोक्ति नै सर्वत्र निमित्त कारकका रूपमा रहन्छ। यसैबाट अर्थ (भाव) को विभावना हुन्छ, यसबिना कुनै अलङ्कारको निर्माण हुँदैन। त्यसैले अलङ्कार भनेको सौन्दर्य हो र यस सौन्दर्यको मूल विधायक तत्त्व भने वक्रोक्ति हो भन्ने मान्यता भामहले प्रस्तुत गरेका छन्।

आचार्य दण्डीले काव्यशोभाकारक धर्मलाई अलङ्कारका रूपमा लिँदै यसलाई साधारण र असाधारणका रूपमा विभाजन गरेका छन् (दण्डी, सन् १९५८, पृ. ११७)। उनले अनुप्रास र यमक जस्ता शब्दालङ्कारलाई असाधारण र स्वभावोक्ति, उपमा आदि अर्थालङ्कारलाई साधारण अलङ्कार मानेका छन्। उनले रस, भाव आदिलाई पनि रसवत् अलङ्कारका रूपमा ग्रहण गरेर काव्यमा अलङ्कारको मान्यतालाई सिद्ध गरेका छन् (दण्डी, सन् १९५८, पृ.२७५)। विशेष प्रकारको कथन नै अलङ्कार हो भन्ने धारणा रुद्रटको रहेको देखिन्छ। वामनले सौन्दर्यरूप अलङ्कारद्वारा नै काव्यको उपादेयता सिद्ध हुने कुरा उल्लेख गर्दै अलङ्कारलाई काव्यको अविभाज्य अङ्ग मानेका छन् (वामन, सन् १९९५, पृ.१)। वक्रोक्तिवादी कुन्तकले अलङ्कारशून्य काव्य असम्भव भएको तर आकर्षणरहित अलङ्कारको कल्पना पनि निरर्थक रहेको धारणा राखेका छन्। उनका विचारमा वक्रोक्ति नै काव्यमा आकर्षक बनेर बसेको हुन्छ (वामन, सन् १९९५, पृ. २)। जयदेवले अलङ्काररहित काव्यलाई मान्नु भनेको उष्णतारहित अग्निलाई स्विकार्नु जस्तै निरर्थक हो भन्ने कुरा उल्लेख गरेका छन् (जयदेव, सन् १९९५,पृ.१०)। अलङ्कारवादी तथा काव्यमा अलङ्कारलाई विशेष महत्त्व दिने आचार्यहरूका दृष्टिमा अलङ्कार काव्यको सौन्दर्य हो।

काव्यको प्रमुख तत्त्वका रूपमा रसध्वनिलाई प्राथमिकता दिने काव्यशास्त्रीहरूको मान्यताअनुसार अलङ्कार काव्यको प्राण वा आत्मतत्त्व नभएर यो काव्यशोभादायक बाह्य तत्त्व मात्र हो। ध्वनिवादी आचार्य आनन्दवर्धनले अलङ्कारको व्यापक सौन्दर्यपरक अर्थ लिएर त्यसलाई नै अङ्गीका रूपमा हेर्ने दृष्टिकोणको अन्त्य गर्दै अलङ्कारलाई काव्यसौन्दर्यको साधनका रूपमा मात्र लिएका छन्। उनले अलङ्कारलाई अनुप्रास, रूपक, यमक, उपमा आदिमा सीमित गर्दै अलङ्कार भनेका लौकिक आभूषणझैँ अङ्गी (रस) का सौन्दर्यका साधन हुन् भनेका छन् ( आनन्दवर्धन, सन् २००९, पृ. ४०)।

रसवादी आचार्य मम्मटले आनन्दवर्धनकै मतको समर्थन गर्दै अलङ्कार काव्यका निम्ति अनिवार्य र अपरिहार्य तत्त्व होइनन्, यिनीहरू अङ्ग (शब्द र अर्थ )द्वारा रसको उपकार (सौन्दर्यवर्धन ) गर्ने अनुप्रास, यमक, उपमा, रूपक आदि आभूषण हुन् भनेका छन् (मम्मट, सन् १९८०,पृ.६७)। अर्का रसवादी आचार्य विश्वनाथले मम्मटकै भनाइको अनुसरण गर्दै सौन्दर्य बढाउने र रसको उपकार गर्ने शब्दार्थका जुन अस्थिर धर्म हुन् , तिनै अलङ्कार हुन् र ती बाला आदि आभूषण जस्तै हुन् भन्ने कुरा उल्लेख गरेका छन् (विश्वनाथ सन् १९७७,, पृ.२७३)। आचार्य जगन्नाथले काव्यको आत्माका रूपमा रहेको सौन्दर्यको कारकका रूपमा मात्र अलङ्कारको चर्चा गरेका छन् (जगन्नाथ, सन् १९०२, पृ.१९४) अग्निपुराणमा काव्यशोभाकारक धर्मका रूपमा अलङ्कारलाई लिँदै यसले शब्द, अर्थ र शब्दार्थोभयलाई अलङ्कृत पार्छ भनिएको छ

(द्विवेदी, २०४२,पृ.१३१) । अलङ्कारवादी आचार्यहरूका दृष्टिमा अलङ्कार काव्यको आत्मातत्त्व भएकाले यो काव्यका लागि सर्वोपरि तत्त्व र सौन्दर्य हो । अलङ्कारका अभावमा काव्यमा काव्यत्व रहँदैन । अलङ्काररहित काव्य केवल सामान्य वार्ता मात्र हुन्छ । अलङ्कारकै कारण काव्य ग्रहणीय हुने हुनाले काव्यसौन्दर्य वा काव्यात्मक चमत्कृति भन्नु नै अलङ्कार भएकाले काव्यसाहित्यका चारुत्वका हेतु गुण, रीति, रस, ध्वनि आदि सबै अलङ्कारभित्र अन्तर्भूत हुन्छन् । यो काव्यको अङ्गीका रूपमा रहेको हुन्छ भने अन्य पक्षहरू काव्याङ्गका रूपमा रहेका हुन्छन् ।

**यम गौतम महाकाव्यमा अलङ्कारविधान**

महाकाव्यमा अलङ्कारको विशेष महत्त्व रहन्छ । कथ्यमा प्रभावकारिता वृद्धि गर्न कविले अलङ्कारविधानको सहयोग लिन्छन् । यम गौतम महाकाव्यमा अलङ्कारविधानमार्फत कथ्य प्रभावकारी भएको छ ।

**शब्दालङ्कार**

शब्दको विचित्रतामा केन्द्रित अलङ्कार शब्दालङ्कार हो । यसमा शब्द परिवर्तन गर्न सकिँदैन । शब्दको प्रयोगमा यसले विशेष अर्थ राख्दछ । शब्दको विशिष्ट भूमिका रहने हुनाले पर्यायवाची शब्द फेर्न सकिने अवस्था यसमा हुँदैन । समान ध्वनि, वर्ण र असमानार्थी पदहरूको आवृत्तिद्वारा काव्यलाई श्रुतिमधुर एवं मर्मस्पर्शी बनाउने योजना यसको उल्लेख्य पक्ष हो । यसको मुख्य काम भनेकै शब्दको विशेष प्रयोगबाट उक्ति विचित्रता र चमत्कार पैदा गराई सहृदयलाई आनन्दित पार्नु हो । यसका अनुप्रास,यमक,श्लेष,वक्रोक्ति आदि भेद हुन्छन् ।

**अनुप्रास अलङ्कार**

अनुप्रास भनेको व्यञ्जन वर्णको आवृत्ति हुने प्रक्रिया हो । काव्यका पङ्क्तिमा वर्णहरूको बारम्बार आवृत्ति भएर उत्पन्न हुने चमत्कार नै अनुप्रास हो । यसका छेकानुप्रास, वृत्यनुप्रास, श्रुत्यानुप्रास, अन्त्यनुप्रास जस्ता भेद रहेका छन् ।

**छेकानुप्रास**

काव्य वा साहित्यमा एक पटक मात्र व्यञ्जन वर्णको आवृत्ति हुँदा उत्पन्न हुने चमत्कारपूर्ण सौन्दर्यलाई छेकानुप्रास हो । यम गौतम महाकाव्यमा छेकानुप्रास अलङ्कारको सौन्दर्य प्रकाशन भएका निम्न श्लोकहरू रहेका छनः

अतिशय दानीवंश थियो रे
गोधन पशुधन अन्न धनेरे
पशुहरू दामी दर्ता हुन्थे
कार्यालयमा नाम रहन्थे ॥ *(यम गौतम,* १–५)

प्रस्तुत श्लोकमा धन र पशुको एकपटक मात्र आवृत्ति भएकाले छेकानुप्रास अलङ्कारको सौन्दर्य प्रकाशन भएको छ ।

जति जति मान्छे बाठो हुन्छ
उति उति ढाँट र कपटी हुन्छ
पत्र पत्र लुकाउँछ भित्र
विषयवासना सब एकत्र ॥ *(यम गौतम*, १–४०)

प्रस्तुत श्लोकमा जति, उति, हुन्छ र पत्र एकपटक मात्र आवृत्ति भएकाले छेकानुप्रास अलङ्कारको सौन्दर्य प्रकाशन भएको छ ।

काम नमर्ने अमर दरिन्छ
सद्गुणले अमरत्व भरिन्छ

गुण दुर्गुणझैँ मानव तात
सम्झौँ गरदो यातयात ।।(*यम गौतम,* १–८७)

प्रस्तुत श्लोकमा अमर र यात एकपटक मात्र आवृत्ति भएकाले छेकानुप्रास अलङ्कारको सौन्दर्य प्रकाशन भएको छ ।

**वृत्त्यनुप्रास**

एक वा एकभन्दा बढी व्यञ्जन वर्णहरू एउटै पङ्क्ति, वाक्य वा पदावलीमा एकपटक आवृत्ति हुँदा उत्पन्न हुने आलङ्कारिक चमत्कारलाई वृत्त्यनुप्रास भनिन्छ । प्रस्तुत महाकाव्यमा यस अलङ्कारको प्रयोग निम्न श्लोकहरूमा पाइन्छः

मनमनै नमनै छ विचारदै
कुन दिने नदिने वर क्यै हुँदै
छ कि समाधि समाधित वा कुनै
विफलवान् फलवान् छ कि बात झैँ ।। (*यम गौतम,* २–८०)

प्रस्तुत श्लोकमा म् व्यञ्जन वर्ण पाँच एकपटक,न् व्यञ्जन वर्ण दश पटक, छ् व्यञ्जन वर्ण तीनपटक, व् व्यञ्जन वर्ण पाँच पटक, द् व्यञ्जन वर्ण चारपटक आवृत्ति भएर वृत्त्यनुप्रास अलङ्कारको सौन्दर्य प्रकाशन भएको छ ।

न रोग लाग्ने न बुढो भएर
विकाल मर्ने न त केही भएर
तपाईंको नै डर भो न केही
त्यहाँ न क्यै चल्दछ जोर केही ।। (*यम गौतम,* ३–२८)

प्रस्तुत श्लोकमा न् व्यञ्जन वर्ण सात पटक आवृत्ति भएको, र् व्यञ्जन वर्ण पाँच पटक आवृत्ति भएकाले वृत्त्यनुप्रास अलङ्कारको सौन्दर्य प्रकाशन भएको छ ।

जब नर मर्छन् तब नर आत्मा
अमर कि मर्ने विषय छ आत्मा
विषय विषादी सबकन यै छ
अब सब टुङ्खो गरिदिनुपर्छ ।। (*यम गौतम,* ३–७०)

प्रस्तुत श्लोकमा ब् व्यञ्जन वर्ण चार पटक आवृत्ति भएको, न् व्यञ्जन वर्ण चार पटक आवृत्ति भएको तथा र् व्यञ्जन वर्ण सातपटक आवृत्ति भएकाले वृत्त्यनुप्रास अलङ्कारको सैन्दर्य प्रकट भएको छ ।

**श्रुत्यनुप्रास**

एउटै उच्चारण स्थानबाट उच्चारण हुने वर्णको बारम्बार प्रयोग हुँदा उत्पन्न हुने शव्दगत चमत्कारलाई श्रुत्यानुप्रास भनिन्छ । यम गौतम महाकाव्यमा श्रुत्यनुप्रास प्रयोग भएर सौन्दर्य प्रकाशन भएको कुरा निम्न श्लोकहरूले पुष्टि गरेका छन् ।

पठाउँदा फेरि यतै फिराई
भुलेर चिन्नै नसकी मलाई
म पुत्र त्यै हैन भनी पिताले
न ता परोस् शोक नसम्झनाले ।। (*यम गौतम,* ३–१६)

प्रस्तुत कवितांशमा ओष्ठ्य व्यञ्जन वर्ण (प्, फ्,भ्, म्) र वत्र्स्य व्यञ्जन वर्णहरू (न्, र्, ल्, स्) को पटक पटक

प्रयोग गरिएको हुँदा श्रुत्यनुप्रास उत्पन्न भई सौन्दर्य प्रकाशन भएको छ ।

विज्ञानले विद्युत विन्दु भन्छ
ओंकार अन्तर्गत नाद हुन्छ
यो बह्मको बोधक बोध्य दोटै
यही छ झैँ ज्येष्ठ कनिष्ट यौटै ॥ (*यम गौतम,* ६–१५)

प्रस्तुत कवितांशमा ओष्ठ्य वर्णहरू(ब्, व्) को र तालव्य वर्ण (य्) को पटकपटक प्रयोग गरिएको हुँदा श्रुत्यनुप्रासको सौन्दर्य उत्पन्न भएको छ ।

**अन्त्यानुप्रास**

काव्य साहित्यको प्रत्येक पाउ वा चरणको अन्त्यमा आउने एक वा अनेक वर्ण आवृत्ति भई चमत्कारपूर्ण बनाउने प्रक्रियालाई अन्त्यानुप्रास भनिन्छ । यम गौतम महाकाव्यमा अन्त्यानुप्रासमार्फत सौन्दर्य उत्पन्न भएको तथ्य निम्नानुसार प्रस्तुत गरिएको छः

एक ब्राह्मण यता अझ बाल
हुन्छ झन् अतिथि देव विशाल
मृत्यु लोक जिउँदै छ बहाल
ब्रह्मनिष्ठ डगने न छ चाल ॥ (*यम गौतम,* २–६४)

अत्यन्त भै व्यापक जेलिएको
जञ्जाल जञ्जीकृत झेलिएको
दुर्भेद्यझैं भेदन गर्न गारो
पार्ने महामुश्किलझैं चटारो ॥ (*यम गौतम,* १०–२१)

प्रस्तुत श्लोकहरूमा सबै पाउका अन्तमा आएका स्वर तथा व्यञ्जनहरूको आवृत्तिले शव्दगत चमत्कार उत्पन्न भई अन्त्यानुप्रास अलङ्कारको सौन्दर्य उत्पन्न भएको छ ।

**यमक अलङ्कार**

यमकको शाब्दिक अर्थ जोडी हो । आकारप्रकार मिल्दो भए पनि अर्थ फरक भएका वर्ण समूहको आवृत्ति हुने प्रक्रियालाई यमक अलङकार मानिन्छ । यसमा स्वर र व्यञ्जन वर्ण दुवै दोहोरिने गर्दछन् । वर्णको आवृत्तिमा अनुप्रास आधारित हुन्छ भने वर्ण समूहमा यमक आधारित हुन्छ ।

मन मनै नमनै छ विचारदै
कुन दिने नदिने वर क्यै हुँदै
छ कि समाधि समाधित वा कुनै
विफलवान् फलवान् छ कि बात लै ॥ (*यम गौतम,* २–८०)

प्रस्तुत कवितांशमा मनै, नमनै दिने ,नदिने , समाधि, समाधित,विफलवान् , फलवान् जस्ता शव्द अलग अलग अर्थमा आवृत्ति भएर आएकाले यमक अलङ्कारको सौन्दर्य उत्पन्न भएको छ ।

अकर्म कर्म निष्कर्म खुड्किलातुल्य छन् तल
अनित्य कर्मका हाँगा अनित्यै फल्दछन् फल ॥ (*यम गौतम,* ५–६६)

प्रस्तुत कवितांशमा अकर्म, कर्म, निष्कर्म, अनित्य, अनित्यै जस्ता शव्द अलग अलग अर्थमा आवृत्ति भएर

आएकाले यमक अलङ्कारको सौन्दर्य उत्पन्न भएको छ।

अतिथिको तिथि हुन्न कुनै पनि
छन् खुसी ? विखुसी छन् वा भनी
खुस उमार्छ कि मार्छ कि श्रापले
यम थिए मथिए सरि तापले ॥ (*यम गौतम,* २–७९)

प्रस्तुत कवितांशमा अतिथि, तिथि, खुसी,विखुसी, उमार्छ ,मार्छ , थिए मथिए जस्ता शव्द अलग अलग अर्थमा आवृत्ति भएर आएकाले यमक अलङ्कारको प्रयोग भएको छ।

**श्लेष अलङ्कार**

एकभन्दा बढी अर्थ लाग्ने शब्दको प्रयोगद्वारा भनाइलाई चमत्कारयुक्त बनाउँदा श्लेष अलङ्कार प्रकट हुन्छ। एउटै शब्दले धैरै अर्थ प्रकट गर्ने तात्पर्यमा श्लेष अलङ्कार केन्द्रित रहेको हुन्छ।

शुधांशु झैँ वाक्य बनी चुहेको
थियो कि संस्कार कुनै पिताको
यसै हुदाँ यो घटना बनेझैँ
घटेछ क्या ! हे यमदेव आफैँ॥ (*यम गौतम,* ३–११)

शुधांशु शव्द अनेकार्थक शब्द हो। यसको एउटा अर्थ चन्द्रमा हो भने अर्को अर्थ कपुर हो। यहाँ चन्द्रमा झैँ उज्यालो वचन र कपुर झैँ उज्यालो वचन दुवै तात्पर्यमा अर्थपूर्ण अभिव्यक्ति आएकाले श्लेष अलङ्कारको सौन्दर्य प्रकट भएको छ।

**अर्थालङ्कार**

अर्थालङ्कारमा काव्यगत चारुत्व प्रदान गर्ने अर्थलाई प्राथमिकता दिइन्छ। यसर्थ समानार्थी शब्दको परिवर्तन भए पनि अर्थालङ्कारहरूमा कुनै प्रकारको असर पर्दैन। अर्थसँग मात्र सौन्दर्य हुने भएकाले सम्बन्धित चारुत्वपूर्ण अर्थप्रदान गर्ने जुनसुकै शब्द प्रयोगबाट पनि अर्थालङ्कारको अस्तित्व कायमै रहन्छ। अर्थसँग मात्र सौन्दर्य हुने भएकाले सम्बन्धित चारुत्वपूर्ण अर्थप्रदान गर्ने जुनसुकै पर्यायवाची शब्दको प्रयोगबाट पनि अर्थालङ्कारको अस्तित्व पूर्ववत् रूपमै कायम रहन्छ। शब्दालङ्कारमा शब्द परिवर्तनको असहमति हुन्छ भने अर्थालङ्कारमा शब्दपरिवर्तनको वा पर्यायवाची शब्द प्रयोगको सहमति रहन्छ ( मम्मट, सन् १९८०, पृ. ४५२)। काव्यको प्रतिपाद्य विषयको सम्बन्ध प्रायःअर्थमा निर्भर गर्ने भएकाले अर्थगत सौन्दर्यको समृद्धिका क्रममा अनेक चमत्कारजनक उक्तिको प्रयोग हुने गरेको पाइन्छ। यसर्थ अर्थालङ्कारको सङ्ख्या धैरै छ। यस लेखमा *यम गौतम* महाकाव्यमा प्रयुक्त उपमा, रूपक, व्यतिरेक, दृष्टान्त, उत्पेक्षा, अनुमान, अतद्गुण र लोकोक्ति अलङ्कारके विश्लेषण गरिएको छ।

***उपमा अलङ्कार***

उपमाको शाब्दिक अर्थ कुनै दुई पदार्थका बिच सामीप्यका कारण समानतालाई तुलना गर्नु हो। कुनै दुई वस्तुका बिचमा रहेको सादृश्यलाई प्राथमिकताका साथ उपमेय र उपमान धर्मको समानतामा केन्द्रित हुनु यसको पहिचान हो। भरतमुनिले गुण र आकृतिका आधारमा दुई पदार्थ बिचको सादृश्य कथनलाई उपमा भनेका छन्। उनले एकको अनेकसँग, अनेकको एकसँग, एकको एकसँग र अनेकको अनेकसँग गरी चार अवस्थामा उपमा रहने कुरा उल्लेख गरेका छन् (भरतमुनि, सन् १९८३, पृ.६०)। भामहले उपमान र उपमेय देशकाल, क्रिया आदिका आधारमा सर्वथा भिन्नाभिन्नै हुँदाहुँदै पनि कदाचित गुणले मात्र दुवैमा समानता भएमा उपमा अलङ्कार हुन्छ भनेका छन् (भामह, सन् १९३८, पृ.११)। मम्मटले

उपमान र उपमेयमा भेद हुँदाहुँदै पनि गुण, क्रिया आदिका आधारमा हुने साधर्म्यबाट उपमा अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (मम्मट सन् , १९८०, पृ ४६६) । विश्वनाथले वैधर्म्यरहित उपमान र उपमेयका बिचको सादृश्यलाई वाच्यका माध्यमबाट एउटै वाक्यमा व्यक्त गर्नु नै उपमा हो भनेका छन् (विश्वनाथ, सन् १९७७, पृ. २९२) । उपमान र उपमेयका बिच रूप, गुण, क्रिया अथवा प्रभाव आदि कुनै पनि धर्मको समानताद्वारा एउटै वाक्यमा काव्यात्मक ढङ्गबाट सौन्दर्य उत्पन्न गरिएमा उपमा अलङ्कार हुन्छ । *यम गौतम* महाकाव्यमा उपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरूको विश्लेषण गरिएको छः

काम धेनु रे कल्पवृक्षझैँ
वृषभ शैल सरि जुरो उठेझैँ
यो कुलधनको गौरवताले
उर उत्साह छचल्किन थाले ॥ (*यम गौतम*, १–६)

प्रस्तुत श्लोक गौतमवंशीय उद्दालक ऋषिको कुल र धनको गौरव वर्णन गर्ने क्रममा आएको हो । यसमा उद्दालक ऋषिका साथमा भएका कामधेनु कल्पवृक्षजस्ता थिए र वृषभ शैल (पहाड) जस्ता जुरो भएका थिए भनी तुलना गरिएको छ । यहाँ उममेयका रूपमा कामधेनु र वृषभ आएका छन् भने उपमानका रूपमा कल्पवृक्ष र शैल आएका छन् । उपमेय र उपमान दुवैमा गौरवमय उत्साह समान धर्मका रूपमा आएका छन् भने झैँ सादृश्यवाचक शब्दका रूपमा आएका छन् । यसर्थ यस श्लोकमा उपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

मृत्यु आस्तिकको हुन्न जराजीर्ण शरीरमा
मान्छेले सरि आत्माले फेरेझैँ कपडा नयाँ ॥ (*यम गौतम*, ५–५९)

प्रस्तुत श्लोक आत्माको अमरता वर्णन गर्ने क्रममा आएको हो । यहाँ शरीरको अन्त्य वा मृत्यु उपमेयका रूपमा र शरीरमा फेरिने नयाँ कपडा उपमानका रूपमा आएका छन् । आस्तिक जनले मृत्युलाई आत्माको रूप परिवर्तनका रूपमा मात्र मान्छन् । शरीरधारीले नयाँ कपडा फेर्नुजस्तो मात्र मान्छन् भनेर उपमेय र उपमानका विचमा सरि सादृश्यवाचक शब्दको प्रयोग गरी तुलना गरिएको हुदाँ यस श्लोकमा उपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**रूपक अलङ्कार**

उपमेयमा उपमानको आरोप गरिएमा रूपक अलङ्कार हुन्छ । अतः उपमान र उपमेयका बिचमा एकरूपता स्थापित गर्नका लागि अभेदसम्बन्ध देखाउँदा रूपक अलङ्कार हुन्छ । भामहले गुणसाम्यका आधारमा उपमेयमा उपमानको अभेद आरोप नै रूपक अलङ्कार हो भनेका छन् (भामह, सन् १९३८, पृ.१०) । वामनले गुणसाम्य र कार्यसाम्यका आधारमा उपमेय वा उपमानको अभेद आरोप नै रूपक हो भनेका छन् (वामन, सन् १९९५, पृ.१०) । उपमेय र उपमानमा अभेद आरोप गरिने भएकाले यसमा वाचक शब्दको प्रयोग हुँदैन । मम्मटले उपमेय र उपमानका बिच अभेद आरोप गरी फलानो नै फलानो हो भन्नु रूपक हो भनेका छन् (मम्मट, सन् १९८०, पृ.३९१) । विश्वनाथले निषेधविना नै विषयमाथि विषयीको अभेद आरोपलाई रूपक अलङ्कार मानेका छन् (विश्वनाथ, सन् १९७७, पृ.३१५) । अतः वर्णन गरिने विषय (उपमेय) र विषयी (उपमान) का बिचको सुन्दर सादृश्यलाई अभिन्न मान्दै विषय (उपमेय) मा नै विषयी (उपमान)को अभेद आरोप गर्नु नै रूपक हो । यम गौतम महाकाव्यमा रूपक अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरूको विश्लेषण गरिएको छः

भोगटे उर नितम्ब छ जाँते
ओठ लाल कलि दारिम दाँते

बाल चन्द्रसरि यौवन ठोसे
चञ्चले नयन छन् मृगकोसे ॥ *(यम गौतम,* २–५८)

प्रस्तुत श्लोक यमपत्नीको सौन्दर्य वर्णन गर्ने क्रममा आएको हो । यहाँ यमपत्नीको उर(छाती), नितम्ब (कम्मरमुनिको भाग ), ओठ, दाँत, आँखा उपमेयका रूपमा आएका छन् भने उपमानका रूपमा क्रमशः भोगटे, जाँतो, नफक्रिएको फूल, दारिमका दाना, मृगनयन आएर वर्णन गरिने विषय (उपमेय) र विषयी (उपमान) का बिचको सुन्दर सादृश्यलाई अभिन्न मान्दै विषय (उपमेय) मा नै विषयी (उपमान) को अभेद आरोप प्रस्तुत गरिएको हुनाले रूपक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

आउँछन् अतिथि जुन घरभित्र
हुन्छ त्यो घर समस्त पवित्र
देवता अतिथि हुन् परितोष
गर्नुपर्छ उपकार विशेष ॥ (*यम गौतम*, २–६५)

प्रस्तुत श्लोक अतिथिको महत्त्व वर्णन गर्ने क्रममा आएको हो । यस श्लोकमा अतिथि आउने घर पवित्र हुन्छ भन्ने क्रममा अतिथि उपमेयका रूपमा र देवता उपमानका रूपमा आएका छन् । यहाँ विषय (उपमेय) र विषयी (उपमान) का बिचको सुन्दर सादृश्यलाई अभिन्न मान्दै विषय (उपमेय) मा नै विषयी (उपमान) को अभेद आरोप प्रस्तुत गरिएको हुनाले रूपक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**दृष्टान्त अलङ्कार**

दृष्टान्त अलङ्कारका लागि एउटा उपमेय वाक्य र अर्को उपमान वाक्य गरी दुई स्वतन्त्र वा निरपेक्ष वाक्यको आवश्यकता पर्दछ । यसरी दुई भिन्नाभिन्नै अर्थ भएका वाक्यहरूमा परस्पर बिम्बप्रतिबिम्बभाव सम्बन्ध हुनुलाई दृष्टान्त अलङ्कार मानिन्छ । सामान्यतः यस अलङ्कारमा एउटा वाक्यको पुष्टिका लागि अर्को वाक्यको प्रयोग गरिएको हुन्छ र पहिलो वाक्य उपमेय तथा दोस्रो वाक्य उपमान वाक्यका रूपमा रहेको हुन्छ । वस्तुतः एउटै विचार जस्ता देखिने दुई भिन्नाभिन्नै पदार्थको एकचोटि कथन गर्नु नै बिम्बप्रतिबिम्ब भाव हो, जुन दृष्टान्तका लागि आवश्यक हुन्छ । आचार्य उद्भटले काव्यदृष्टान्तका नामबाट यस अलङ्कारको चर्चा गरेका छन् । उनले झैँ, जस्तै आदि वाचक शब्दरहित इष्ट अर्थको विशेष किसिमले बिम्बप्रतिबिम्ब भाव हुनुलाई काव्यदृष्टान्त अलङ्कारको नाम दिएका छन् (उद्भट, सन् १९२८, पृ. ९१ ) । आचार्य मम्मटले उपमानको उपमेयसँग, उपमान सम्बद्ध विशेषणको उपमेयसम्बद्ध विशेषणसँग र साधारण धर्मसँग बिम्बप्रतिबिम्बभाव सम्बन्ध हुनुलाई दृष्टान्तको संज्ञा दिएका छन् (मम्मट, सन् १९८०, पृ. ३१८) । उनका दृष्टिमा दृष्टान्तमूलक वाक्यद्वारा अन्त्यमा निश्चयबोध हुनु अर्थात् उपमान वाक्यद्वारा उपमेय वाक्यलाई निश्चितता प्रदान गर्नु नै दृष्टान्त अलङ्कारको पहिचान हो । यम गौतम महाकाव्यमा दृष्टान्त अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरूको विश्लेषण गरिएको छः

बहिर्मुखी इन्द्रियले आफ्नै विषय खोज्दछन्
कानले सुन्न खोजेझैँ आँखाले दृश्य रोज्दछन् ॥ (*यम गौतम*, ५–१५)

प्रस्तुत श्लोक बाह्य इन्द्रियहरू विषय भोगमा केन्द्रित हुन्छन् भन्ने क्रममा आएको हो। यहाँ पहिलो वाक्य उपमेयका रूपमा र दोस्रो वाक्य उपमानका रूपमा आएर बिम्बप्रतिबिम्बभाव सम्बन्ध अभिव्यक्त भएको हुँदा दृष्टान्त अलङ्कारको सौन्दर्य प्रकट भएको छ ।

सन्तानैश्वर्य तृष्णाको

पाशाले बाँधियी नर
डोर्याए तुल्य अन्धाले
अन्धालाई कुवातिर ।। *(यम गौतम,* ५–३३)

प्रस्तुत श्लोकमा सन्तान र धन सम्पत्तिको तृष्णाको पाशामा बाँधिए पछि मान्छे एकहोरो भएर तत्त्वज्ञान बुझ्न सक्दैन भन्ने क्रममा आएको हो । सन्तान, धन, सम्पत्ति र तृष्णाको पाशामा बाँधिएको मान्छेको अवस्था उपमेयका रूपमा आएको छ भने अन्धालाई कुवातिर डोऱ्याउने अन्धोको अवस्था उपमानका रूपमा आई बिम्बप्रतिबिम्बभाव सम्बन्ध अभिव्यक्त भएर दृष्टान्त अलङ्कारको सौन्दर्य प्रकट भएको छ ।

**उत्प्रेक्षा अलङ्कार**

प्रस्तुत वस्तुमा अप्रस्तुत वस्तुको सम्भावना व्यक्त गर्नु नै उत्प्रेक्षा हो । भामहले यस अलङ्कारमा केही उपमानको सम्बन्ध, सामान्यको अविवक्षा, असिद्ध गुण, क्रिया आदिको योग र अतिशयको भाव हुनुपर्नेमा जोड दिएका छन् (भामह, सन् १९३८,पृ.२८) । रुद्रटले औपम्यमूलक वर्गअन्तर्गत अतिशय वर्गको अलङ्कारका रूपमा उत्प्रेक्षा अलङ्कारको चर्चा गर्दै यसका अनेक भेदहरू देखाएका छन् (रुद्रट, सन् १९८९,पृ.२३४) । आचार्य मम्मटले प्रकृतलाई अप्रकृतसँग एकरूपता वा तादात्म्यको सम्बन्ध नै उत्प्रेक्षा हो भनेका छन् (मम्मट, सन् १९८०,पृ.४८७) । विश्वनाथले प्रकृतको अप्रकृतसँग सम्भावना गरिनु नै उत्प्रेक्षा हो भन्दै यस अलङ्कारका वाच्य र प्रतीयमान गरी दुई भेद हुन्छन् भन्ने कुरा उल्लेख गरेका छन् (विश्वनाथ, सन् १९७७, पृ.२३९) । यसरी हेर्दा एक पदार्थमा अर्को पदार्थको सम्भावना नै उत्प्रेक्षा हो भन्ने कुरा स्पष्ट हुन्छ । यम गौतम महाकाव्यमा उत्प्रेक्षा अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरूको विश्लेषण गरिएको छः

बालक हुन् नैसर्गिक जस्ता
बाहिर भित्र एक अवस्था
हुन्छ न केही लुकाउन छल्न
मानौँ थाल्दछ ईश्वर बोल्न ।। *(यम गौतम*, १–२९)

प्रस्तुत श्लोक बालकको प्रकृत वा स्वाभाविक गुण व्यक्त गर्ने क्रममा आएको हो । बालकले लुकाएर बोल्न वा छल्न सक्दैन । यहाँ बालक प्रस्तुत वस्तुका रूपमा आएको छ भने ईश्वर अप्रस्तुत वस्तुका रूपमा आएको छ । यहाँ प्रस्तुत वस्तु बालकमा अप्रस्तुत वस्तु ईश्वरको सम्भावना व्यक्त गरिएकाले उत्प्रेक्षा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

सच्चा ईश्वर बालक हो क्या
प्रपञ्चकारी बुद्धि छ धोखा
बाल भावझैँ बृद्ध बनिन्छ
पुर्नजन्मको झल्को दिन्छ ।। *(यम गौतम,* १–३१)

प्रस्तुत श्लोक बालकको प्रकृत वा स्वाभाविक गुण व्यक्त गर्ने सन्दर्भमा आएको हो । यहाँ बालक प्रस्तुत वस्तुका रूपमा आएको छ भने ईश्वर अप्रस्तुत वस्तुका रूपमा आएको छ । बालक नै सच्चा ईश्वर हो कि ! भन्ने सम्भावना व्यक्त भएको छ । प्रपञ्चकारी बुद्धिले धोखा दिने र बालभाव र बृद्ध भाव दुवै सत्य हुने भएकाले यस कुराले पुर्नजन्मको झल्को दिन्छ भनेर प्रस्तुत वस्तु बालकमा अप्रस्तुत वस्तु ईश्वरको सम्भावना व्यक्त गरिएकाले उत्प्रेक्षा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**अनुमान अलङ्कार**

अनुमितिद्वारा ज्ञान हुनु नै अनुमान हो । यसमा साध्यद्वारा साधनको चमत्कारपूर्ण ढङ्गबाट ज्ञान प्राप्त हुने गर्दछ ।

रुद्रटले यस अलङ्कारका सम्बन्धमा परोक्ष साध्य पदार्थलाई सुरुमा उल्लेख गरेर पछि साधनका बारेमा चर्चा गर्नुलाई अनुमान अलङ्कारको संज्ञा दिएका छन् (रुद्रट, सन् १९८९,पृ.२१६)। मम्मटले पनि साध्यसाधनको भावलाई अनुमान अलङ्कार मानेका छन् (मम्मट, सन् १९८०, पृ.५६२)। आचार्य जयदेवले जहाँ कार्यबाट कारणको अनुमान गरिन्छ , त्यहाँ अनुमान अलङ्कार  हुन्छ भनेका छन् (जयदेव, सन् १९९५, पृ.१०३)। *यम गौतम* महाकाव्यमा अनुमान अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छः

आफैँ सदा चल्दछ हेर विश्व
सञ्चालकी तत्त्व कुनै अवश्य
होला जहाँ नित्य धुवाँ रहन्छ
आगो अवश्यै अनुमान हुन्छ॥ (*यम गौतम*, १०–१)

प्रस्तुत श्लोकमा प्रारम्भमा आफैँ सदा चल्ने विश्व कार्यका रूपमा र विश्व सञ्चालन गर्ने दैवी शक्ति कारणका रूपमा आएका छन् भने उत्तरार्धमा धुवाँ कार्य र आगो कारणका रूपमा आएर कार्यबाट कारणको अनुमान गरिएको वर्णन गरिएको हुँदा अनुमान अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ।

या फूलले वृक्ष गरिन्छ याद
या वृक्षले फूल गरिन्छ याद
यौटा कुनैको जब याद हुन्छ
अर्को स्वयं भाषित तुल्य हुन्छ॥ (*यम गौतम*, १०–२)

प्रस्तुत श्लोकमा प्रारम्भमा फूल कार्य र वृक्ष कारणका रूपमा र उत्तरार्धमा वृक्ष कार्य र फूल कारणका रूपमा आएर कार्यबाट कारणको अनुमान भएको कुरा वर्णन गरिएको हुँदा अनुमान अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ।

**अतद्गुण अलङ्कार**

उत्कृष्ट गुण भएको वा नजिकै रहेको पदार्थको गुणलाई न्यून गुण भएको पदार्थले ग्रहण गर्न नसकेको कुरा वर्णन गर्नु अतद्गुण अलङ्कार हो (मम्मट, सन् १९८९, पृ.६०१)। आफूसँग सम्बद्ध कुनै पदार्थको गुणलाई अर्को पदार्थले ग्रहण नगर्नुलाई अतद्गुण अलङ्कारका रूपमा लिन सकिन्छ (जयदेव,सन् १९९५, पृ.१०४)। कारण हुँदाहुँदै पनि प्रकृत पदार्थले अप्राकृत पदार्थको गुणलाई ग्रहण गर्न नसक्नु अतद्गुण अलङ्कार हो (विश्वनाथ, सन् १९७०, पृ.८६१)। अन्य वस्तुको गुण ग्रहण गर्न सक्ने कुरा सम्भव हुँदाहुँदै पनि निकटतम वस्तुको गुण ग्रहण नभएको अवस्था रहेको कुराको चमत्कारपूर्ण वर्णनमा अतद्गुण अलङ्कार निष्पन्न हुन्छ। यम गौतम महाकाव्यमा अतद्गुण अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छः

अप्सरा स्वर्ग सम्पत्ति पढी नाम सुवासले
नढल्ने पहिरोतुल्य वासनाका बतासले॥(*यम गौतम*, ५–४)

प्रस्तुत श्लोक उद्दालकपुत्र नचिकेताको स्वभाव वर्णन गर्ने क्रममा आएको हो। नचिकेता सच्चा आस्तिक,बह्मवादी र अध्यात्मवादी चिन्तकका रूपमा रहेका छन्। उनलाई स्वर्गको सुख र धनसम्पत्ति आदि कुराले कुनै प्रभाव पार्न सकेको छैन। धनसम्पत्ति र सुखसयलका जस्तासुकै कुराले पनि उनको स्वभाव परिवर्तन गर्न नसकेको कुरा वर्णन गरिएकाले यस श्लोकमा अतद्गुण अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ।

स्वर्गका अप्सराका ती  वासनाले बडा सबै
लोभिन्छन् विज्ञ वैरागी लोभिएनौ तिमी कवै॥ (*यम गौतम*, ५–२८)

प्रस्तुत श्लोक उद्दालक ऋषिका पुत्र नचिकेताको स्थिर स्वभाव वर्णन गर्ने क्रममा आएको हो। स्वर्गका अप्सराका हाउभाउबाट विज्ञ वैरागीहरू पनि लोभिएका थिए। उनीहरू भौतिक सुखका मोहमा फँसेका थिए तर नचिकेता सच्चा आस्तिक,बह्मवादी र अध्यात्मवादी भएकाले उनलाई स्वर्गको सुख तथा अप्सराको हाउभाउले लोभ्याउन सकेन। अन्य बाह्य कुराका प्रभावले नचिकेताको स्थिर स्वभाव परिवर्तन गर्न नसकेको कुरा वर्णन गरिएकाले यस श्लोकमा अतद्गुण अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ।

**लोकोक्ति अलङ्कार**

लोकमा प्रचलित भएका कुराहरूको प्रयोगद्वारा काव्यमा चमत्कार उत्पन्न गरिएमा लोकोक्ति अलङ्कार हुन्छ। यस अलङ्कारको बारेमा सर्वप्रथम विमर्श गर्ने व्यक्ति आचार्य अप्पयदीक्षित हुन्। उनले लोकमा फैलिएको चर्चाको अनुकरणमा लोकोक्ति अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (अप्पयदीक्षित, सन् १९९७, पृ.२५७)। प्रस्तुत धारणालाई प्रकाश पार्नका लागि लोकमा प्रसिद्ध रहेको उक्तिको प्रयोगद्वारा काव्यलाई चमत्कारपूर्ण तुल्याइन्छ। काव्य वा साहित्यमा लोकोक्तिको प्रयोग अत्यधिक हुने गरेको पाइए पनि यस अलङ्कारका बारेमा धेरै विमर्श भएको पाइँदैन। आचार्य अप्पयदीक्षितबाहेक अन्य आचार्यहरूका ग्रन्थमा यस अलङ्कारका बारेमा कुनै विमर्श गरिएको पाइँदैन। यम गौतम महाकाव्यमा लोकोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छः

रसायी ज्ञानको गङ्गा तिमीमै सागरी भयो
कुहिरोको कागजस्तो बनेको विश्व हेर ! यो॥ (*यम गौतम,* ५–३०)

प्रस्तुत श्लोक यम र नचिकेताको संवादका क्रममा आएको हो। नचिकेता सच्चा आस्तिक, बह्मवादी र अध्यात्मवादी स्वभावका थिए। त्यसमा पनि उनले यमसँग गरेको तत्त्वज्ञानसँग सम्बन्धित संवादले गर्दा नचिकेतामा ज्ञानगङ्गा रसाएर ज्ञानसागर भयो। तर तत्त्वज्ञानका अभावमा विश्वका मानिसहरू कुहिरोको कागजस्तो बनेका छन्। उनीहरू तत्त्वज्ञानको अभावले गर्दा कुहिरोको कागजस्तो अलमल्ल भएका छन् भनी वर्णन गरिएकाले लोकोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ।

नचिकेता ! तिमीले यो पायौ आस्तिक बुद्धि जुन्
मैले पाएँ तिमीलाई सुनमा भो सुगन्ध झन्॥ (*यम गौतम,* ५–६३)

प्रस्तुत श्लोक यम र नचिकेताको संवादका क्रममा आएको हो। नचिकेता आस्तिक वुद्धि पाप्त गरी बह्मवादी र अध्यात्मवादी भएका थिए। त्यसमा पनि उनले यमसँग गरेको तत्त्ववज्ञानसँग सम्बन्धित संवादले गर्दा नचिकेताका लागि झन् सुनमा भो सुगन्ध भो भनी वर्णन गरिएकाले लोकोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ।

**व्यतिरेक अलङ्कार**

उपमानभन्दा उपमेयको अत्यधिक गुणोत्कर्ष प्रदर्शन गरी चमत्कार प्रदर्शन गर्नु व्यतिरेक अलङ्कार हो। यसमा उपमानभन्दा उपमेयको गुणलाई अत्यधिक रूपमा वर्णन गरिएको हुन्छ। भामहले उपमानभन्दा उपमेयको उत्कर्षलाई व्यतिरेक अलङ्कार भनेका छन् (भामह, सन् १९३८, पृ.१६)। भामहपछि उद्भटले उपमान र उपमेयमध्ये दुवैमा कुनै एउटाको वैशिष्ट्य प्रतिपादन गर्दा व्यतिरेक अलङ्कार हुन्छ भनेका छन् (उद्भट, सन् १९२८,पृ.४१ )। मम्मटले उपमानभन्दा उपमेयको गुणाधिक्य वर्णनमा व्यतिरेक अलङ्कार हुन्छ भनेका छन् (मम्मट, सन् १९८०, पृ.३२३)। जयदेवले उपमान र उपमेयमा परस्पर विलक्षणता देखिनुलाई नै व्यतिरेक अलङ्कार मानेका छन् (जयदेव, सन्१९९५, पृ.८०)। *यम गौतम* महाकाव्यमा व्यतिरेक अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छः

हाँसको गुरु दरिन्छ हिंडाइ

कण्ठ शिक्षक छ कोकिललाई
खेदिएर भयले सरि आई
भन्दछिन् प्रियतमा यमलाई ॥ (*यम गौतम*, २–६०)

प्रस्तुत श्लोकमा यमपत्नीको हिँडाइ र बोलाइ उपमेयका रूपमा आएका छन् भने हाँसको हिँडाइ र कोइलीको आवाज उपमानका रूपमा आएका छन् । यहाँ उपमानभन्दा पनि उपमेयको नै गुणोत्कर्ष बढी गरिएको हुनाले व्यतिरेक अलङ्कारको सौन्दर्य प्रकाशित भएको देखिन्छ ।

**यम गौतम महाकाव्यमा अलङ्कार र कथ्य बिचको सम्बन्ध**

यम गौतम महाकाव्यको मूल कथ्य भनेको पुराण हो । मूलतः कठोपनिषद्को झिनो कथानकमा आधारित रही आत्मज्ञान र ब्रह्मज्ञानका विषयमा प्रकाश पार्ने काम यस महाकाव्यमा गरिएको छ । आत्मज्ञान र ब्रह्मज्ञानका रहस्यहरूको उद्घाटन गर्नु, प्रकृतिको मानवीकरण गर्नु र प्रकृतिको यथार्थ वर्णन गर्नु यस महाकाव्यको कथ्य रहेको छ । सामाजिक कथ्यअन्तर्गत अतिथिलाई देवता मान्ने र यमपञ्चकका अवसरमा दिदीभाइले टीका लगाउने जस्ता सांस्कृतिको अभिव्यक्ति महाकाव्यमा गरिएको छ । यसका साथै मानवीय समवेदनाको अनुभूति पनि यम गौतम महाकाव्यमा अभिव्यक्त भएको छ । अध्यात्मपरक अभिव्यक्तिअन्तर्गत ईश्वरीय शक्तिसामर्थ्य, धार्मिक आस्था र पौराणिक सन्दर्भको अभिव्यक्तिले यस महाकाव्यको कथानक सार्थक बनेको छ । यी विभिन्न कथ्यको प्रभावकारी अभिव्यक्ति गर्ने क्रममा उपमा, रूपक, दृष्टान्त, अनुमान, व्यतिरेक, उत्प्रेक्षा, व्यतिरेक, लोकोक्ति, अतद्गुणजस्ता अलङ्कारहरूमार्फत *यम गौतम* महाकाव्यमा अभिव्यक्त कथ्य अर्थ र अलङ्कारका बिच अन्योन्याश्रित, परिपूरक, बिम्बप्रतिबिम्बभाव, साधर्म्य र सादृश्य सम्बन्ध रहेको देखिन्छ ।

**यम गौतम महाकाव्यमा अलङ्कार प्रयोगको प्रयोजन**

अलङ्कारवादी आचार्यहरूले काव्यमा अलङ्कारको प्रयोजन र महत्त्वलाई विशेष जोड दिएका छन् । भामहले "काव्यसौन्दर्य कविको उक्तिवैचित्र्यमा निर्भर रहन्छ र त्यसैका लागि अलङ्कारको प्रयोग आवश्यक छ" (भामह, सन् १९३८, पृ.१७) भनेका छन् । दण्डीका विचारमा "काव्यको शोभादायक धर्म नै अलङ्कार हो" (दण्डी, सन् १९५८,पृ.७४) । वामनकाअनुसार "अलङ्कारयुक्त काव्य नै ग्राह्य हुन्छ" (वामन, सन् १९९५, पृ.३) । यस भनाइका आधारमा काव्यसौन्दर्यलाई नै अलङ्कारका रूपमा ग्रहण गरी काव्यलाई ग्रहणीय तुल्याउन र काव्यमा सौन्दर्य भर्ने काममा अलङ्कारको प्रयोजन रहन्छ भन्ने देखिन्छ । आनन्दवर्धनले "काव्यको आत्माका रूपमा रहेको रसध्वनि रूप भावलाई अभिव्यञ्जित गर्नका लागि अलङ्कारले परिपोषकको काम गर्छ" (आनन्दवर्धन, सन् २००९, पृ.२२२) भन्ने मत राखेका छन् । उनको यो विचारका आधारमा हेर्दा भावलाई परिपुष्ट पार्नु अलङ्कारको प्रयोजन देखिन्छ । आचार्य विश्वनाथका मतमा "रसात्मक काव्यमा शब्दार्थको सौन्दर्यलाई सुशोभित गर्ने मुख्य काम अलङ्कारले गर्छ" (विश्वनाथ, सन् १९७७, पृ.३३५) । यस विचारका आधारमा हेर्दा शब्दार्थमा सौन्दर्य वृद्धि गर्नु अलङ्कारको मुख्य प्रयोजन रहेको देखिन्छ । *यम गौतम* महाकाव्यमा अलङ्कार प्रयोग गर्नुको मुख्य प्रयोजन भनेको आफ्ना भाव र विचारलाई प्रभावकारी तुल्याउनु हो । यसका साथै महाकाव्यको कथ्य अर्थलाई वैचित्र्यपूर्ण, प्रभावकारी, आकर्षक र काव्यात्मक स्वरूप प्रदान गर्न, महाकाव्यमा प्रयुक्त विविध कथ्यगत सौन्दर्यको वृद्धि गर्न, श्रृङ्गार, करुण, भयानक आदि रसको अभिव्यञ्जन गर्नका लागि महाकाव्यकार लम्सालले अलङ्कारयोजना गरेको देखिन्छ । महाकाव्यकार लम्सालद्वारा आध्यात्मिक विषयक भाव, प्रकृतिप्रेम विषयक भाव,मानवीय प्रणयभाव आदिको अभिव्यक्तिका लागि महाकाव्यमा अलङ्कायोजना गरिएको पाइन्छ । मानवीय जीवनका विविध अवस्थामा अनुभव गरिने स्मृति, मति, दैन्य, गर्व र स्मृति जस्ता विविध भावहरूको

भावाभिव्यञ्जन गर्न लम्सालले यस महाकव्यमा अलङ्कारविधान गरेका छन् । यम गौतम महाकाव्यमा अलङ्कारयोजना गर्नुको मूल प्रयोजन कविताको कथ्यगत सौन्दर्यको वृद्धि गर्नु, उक्तिलाई चमत्कारपूर्ण बनाउनु , शृङ्गार आदि विभिन्न रसको अभिव्यञ्जना गर्नु र दैन्य, मतिआदि भावको अभिव्यञ्जना गर्नु नै रहेको देखिन्छ ।

## निष्कर्ष

यम गौतम महाकाव्य कठोपनिषद्लाई उपजीव्य बनाई रचना गरिएको महाकाव्य हो । यसमा जम्मा दश सर्ग र छ सय बहत्तर श्लोक रहेका छन् । यो आध्यात्मिक विषयमा आधारित महाकाव्य हो । यस महाकाव्यमा अनुप्रास, यमक र श्लेष, उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा, अनुमान, अतद्गुण, लोकोक्ति अलङ्कारहरूको प्रयोग स्वाभाविक ढङ्गले गरी कथ्यमा सौन्दर्य प्रकाशित गरिएको छ । शब्दालङ्कारअन्तर्गत सबैभन्दा बढी अनुप्रास र सबैभन्दा कम श्लेष अलङ्कार प्रकट भएको देखिन्छ भने अर्थालङ्कारअन्तर्गत सबैभन्दा बढी उपमा र सबैभन्दा कम व्यतिरेक अलङ्कार प्रकट भएको देखिन्छ । यस महाकाव्यमा अलङ्कार प्रयोग गर्नुको मुख्य प्रयोजन भनेको आफ्ना भाव र विचारलाई प्रभावकारी बनाउनु रहेको छ । यसका साथै महाकाव्यको कथ्य अर्थलाई वैचित्र्यपूर्ण, प्रभावकारी र आकर्षक बनाउन, दैन्य, मतिआदि भावको अभिव्यञ्जन गर्न, महाकाव्यमा प्रयुक्त कथ्यगत सौन्दर्यको वृद्धि गर्न र शान्त, शृङ्गार, करुण, भयानक आदि रसको अभिव्यञ्जन गर्नका लागि अलङ्कारविधान गरिएको देखिन्छ ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६७), *पूर्वीय समालोचना सिद्धान्त* (सा.संस्क.), साझा प्रकाशन ।

अप्पयदीक्षित (सन् १९९७), *कुवलयानन्द* (च. संस्क.), भोलाशङ्कर व्यास (व्या.), चौखम्वा विद्याभवन ।

आनन्दवर्धन (सन् २००९), *ध्वन्यालोक* (पुनर्मुद्रण), ज्ञानमण्डल लिमिटेड ।

उद्भट (सन् १९२८), *काव्यालङ्कार सङ्ग्रह* (द्वि. संस्क.), पाण्डरङ्ग जाबजी ।

क्रिस, वाल्डिक (सन् २००८), द *कन्साइज अक्सफोर्ड डिक्सनरी अफ लिटरेरी टर्मस* (ते.संस्क.),अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

घिमिरे, रमेश ( २०८०), *संवाद सिद्धान्तको ऐनामा यम गौतमको अनुहार* (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति अङ्क), दिनेश पौडेल (सम्पा. पृ. १०३-११०) ।

जगन्नाथ (सन् १९०२), *रसगङ्गाधर*, केदारनाथ झा पीताम्बरभोला (व्या.), सम्पूर्णानन्द विश्वविद्यालय ।

जयदेव (सन् १९९५), *चन्द्रालोक* (व्या.श्रीकृष्णमणि त्रिपाठी), चौखम्वा सुरभारती ।

ढुङ्गाना, नीलमणि (सम्पा.२०७८), *व्युत्पत्तिमूलक संस्कृत - नेपाली शब्दकोश*, साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.२०६०) ,*नेपाली कविता भाग १* (दो.संस्क.), साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०६६), *साहित्य परिचय* (पा.सस्क.), साझा प्रकाशन ।

दण्डी, (सन् १९५८), *काव्यादर्श,* (व्या.जमुना पाठक), कृष्णदास अकामदी ।

दाहाल, दीनविनोद (२०५२), *पीताम्बरभोला लम्सालको व्यक्तित्व र कृतित्वको अध्ययन*, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

द्विवेदी,पारसनाथ(२०४२), *अग्निपुराणोक्तं काव्यालङ्कारशास्त्रम्*, सम्पूर्णानन्द विश्वविद्यालय अनुसन्धान संस्थान ।

निरौला, लेखप्रसाद (२०६३), *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कारयोजना*, [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. नेपाल संस्कृत विश्वविद्यालय ।

नेपाल, विनयकुमार (२०५९), *नेपाली महाकाव्यकार र महाकाव्य*, भाभा पुस्तक भण्डार ।

न्यौपाने, सुभाषचन्द्र (२०७८), *मा धव घिमिरेका कवितामा अलङ्कारविधान*, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) त्रिभुवन विश्वविद्यालय।

पागल, उप्रेन्द्र (२०८०),*केही पूर्वदीप्तिमा भोला दाइ* (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति अङ्क), दिनेश पौडेल (सम्पा.पृ.६८-७२)।

पोखरेल, बद्रीविशाल (२०८०), *पीताम्बरभोला लम्सालका कवितात्मक विशेषताहरू*, (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति अङ्क) दिनेश पौडेल (सम्पा. पृ.७३-८२)।

पोखरेल, भानुभक्त (२०५९), *साहित्य र सिद्धान्त* (दो. संस्क.), साझा प्रकाशन।

पोखरेल, भानुभक्त (२०८०), *नेपाली बृहत् शब्दकोश*, (द. संस्क.), नेपाल प्रज्ञा प्रतिष्ठान।

पोखरेल, भानुभक्त (२०८०) , *राम्ररी सङ्लिन नसकेको प्रबल कवित्वको छाल पीताम्बरभोला* लम्साल, (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति अङ्क) दिनेश पौडेल (सम्पा. पृ.३९-४३)।

पौडेल, सुधनकुमार (२०८०), *सुनौलो युगको सुनौलो आयाम, शब्दसार*, पीताम्बरभोला लम्साल स्मृति अङ्क), दिनेश पौडेल (सम्पा .पृ.९३-९५)।

भट्टराई, तीर्थराज (२०८०*), पीताम्बरभोला लम्सालका महाकव्यहरूको सर्वेक्षण* (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति अङ्क), दिनेश पौडेल (सम्पा. पृ.९६-१०२)।

भरतमुनि (सन् १९८३)*, नाट्यशास्त्रम्*, विद्याभूषण केदारनाथ (सम्पा), भारतीय विद्या प्रकाशन।

भामह (सन् १९३८), *काव्यालङ्कार* (द्वि. संस्क.), चौखम्वा संस्कृत संस्थान।

मम्मट (सन् १९८०), *काव्यप्रकाश* ( व्या.आचार्य शिवराज कैण्डिन्न्यायन), मोतीलाल बनारसीदास।

मार्टिन, ग्रे (सन् २००८), *अ डिक्सनरी अफ लिटरेरी टर्मस*, डोर्लिङ पिन्डर्सले।

मिश्र, जयमन्त (२०२१), *काव्यात्मामीमांसा*, चौखम्वा विद्याभवन।

रुद्रट, (सन् १९८९), *काव्यालङ्कार*, रामदेव शुक्ला (व्या) चौखम्वा विद्याभवन।

रेग्मी, चूडामणि (२०८०*), महाकाव्य शिवासन्ततिः एक घोत्ल्याइँ,* (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति अङ्क), दिनेश पौडेल (सम्पा.), पृ.५०-५२)।

रेग्मी, नगेन्द्रराज (२०८०), *सम्झनाका तरेलीमा पीताम्बरभोला लम्साल,* (शब्दसार,पीताम्बरभोला लम्साल स्मृति अङ्क) दिनेश पौडेल (सम्पा.), पृ.१५३-१५६)।

लम्साल, कृष्णविनोद (२०८०), *के हो र कस्तो हुनुपर्छ महाकवि*, (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति अङ्क), दिनेश पौडेल (सम्पा. पृ.२१५-२१६)।

लम्साल, दीपक (२०७२), *महाकाव्यकार पीताम्बर भोला लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण*, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय।

लम्साल, पीताम्बरभोला (२०७३), *यम गौतम,* आत्माज्ञान प्रतिष्ठान।

लुम्साली, ऋषिराज (२०८०) , *असीमित व्यक्तित्व महाकवि पीताम्बरभोला लम्सालको सीमित परिचर्चा*, (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति अङ्क), दिनेश पौडेल (सम्पा. पृ.१२३-१२४)।

वामन (सन् १९९५), *काव्यालङ्कारसूत्राणि* (द्वि.संस्क.), सुरभारती प्रकाशन।

विश्वनाथ (सन् १९७७), *साहित्यदर्पण*, मोतीलाल बनारसीदास।

सुवेदी दधिराज (२०८०), *सानो काव्य दिङ्लाका ठूला नायक षडानन्द*, (शब्दसार, पीताम्बरभोला लम्साल स्मृति

●●●